**घिरिङ गाउँपालिका**

**पोखरीछाप, तनहुँ**

**सोह्रौं गाउँसभामा गाउँपालिकाका अध्यक्ष श्री होम बहादुर थापाज्यूबाट प्रस्तुत आर्थिक बर्ष २०८१/०८२ को**

# वार्षिक नीति तथा कार्यक्रम- २०८१/०८२

**घिरिङ गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशन समारोहमा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यु, सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, उपस्थित पत्रकार, सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारी ज्युहरु ।**

नेपालको संविधान २०७२ मार्फत संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै राजनीतिक रुपमा संरचना निर्माण भएका स्थानीयतहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य गरी रहेको सन्दर्भमा केहि वर्ष देखी विभिन्न कारणले देश आर्थिक संकट र महङ्गीको समस्या संग जुधिरहेको छ । यसबाट संघिय, प्रदेश र स्थानीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले संघ र प्रदेशबाट पाउनु पर्ने वित्तिय हस्तान्तरणमा नकारात्मक असर परेको बेला नेपालको संवैधानिक व्यवस्था बमोजिम यस स्थानीय तहको अगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सम्मानीत गाउँसभा समक्ष पेश गरेको छु ।

यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागी समृद्ध घिरिङ शुखी घिरिङ बासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत समाजवाद उन्मूख नीति तथा कार्यक्रमले देशमा परेको चरम आर्थिक संकट, अनियन्त्रित महङ्गी र बढ्दो बेरोजगारीको कारणले थला परेको अर्थतन्त्रलाई गतिशील बनाउदै समृद्ध पालिका निर्माण गर्ने विश्वास लिएको छु । यस महत्वपुर्ण समयमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जन विद्रोह, जनआन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेत नेताहरु, समुन्नतिको चाहना राख्नु हुने सम्पूर्ण घिरिङ गाउँपालिकाबासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

बढ्दो व्यापार घाटा, उच्च आयात, कमजोर निर्यात बजार, उच्च मुद्धा स्फीति, नकरात्मक संचित कोष तथा पूर्तीजन्य अवरोधको कारण उत्पादन तथा उत्पादकत्वमा कमी, आर्थिक मन्दीको संकेतले नेपालको समग्र अर्थतन्त्र र कार्यप्रणालीलाई जोखिमको अवस्थामा धकेलेको छ । राजश्व संकलनमा कमी तथा वैदेशिक सहायतामा अपेक्षित सहयोग नहुँदा संघबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम तथा समानीकरण अनुदानमा प्रतिवद्धता बमोजिम निकासा नहुँदा हाम्रो सरकार व्यापक बजेट घाटामा रहेको छ । यस्तो जोखिमपूर्ण र चुनौतीपूर्ण अवस्थालाई आत्मसात् गर्दै थोरै भएपनि अर्थतन्त्रलाई चलायमान बनाउनका लागि प्रतिवद्ध भई आगामी आ.व. ०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

संविधानबाट प्राप्त अधिकार, अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरुपका २२ प्रकारका स्थानीय तहको अधिकार अनुसार स्थानीय सरकारको नीति तथा कार्यक्रम, ऐन, नियम, योजना तर्जुमा तथा बजेट व्यवस्था गर्ने जिम्मेवारी एवं कर्तव्य स्थानीय सरकारको हो। सम्पूर्ण गाउँबासीहरुमा सुशासन विकास र समृद्धिको प्रत्याभूति गराउने, जनताको सुख र समृद्धिका लागि आ.व. ०८१/०८२ को गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम एवं बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउने ऐतिहासिक दिनमा हामी उपस्थित भएका छौँ।

**सम्मानित सभाका उपस्थित सभा सदस्यज्यूहरू,**

सोह्रौँ सम्मानित सभाका सदस्य ज्यूहरु एवम् हामीलाई प्रत्यक्ष प्रसारण मार्फत स्वदेश तथा विदेशवाट देखिरहनु र सुनिरहनु भएका आदरणीय महानुभावहरु; जनताको दैनिक जिवनयापन, सुखदुख र हासो खुसीसँग प्रत्यक्ष जोडीएको स्थानीय सरकारलाई प्राप्त हुनुपर्ने बजेटमा समेत कार्यक्रम कार्यान्वयन भईसकेपछि हुने पटकपटकको बजेट कटौती आन्तरिक स्रोतको कमी साथै समुदायको उच्च चाहाना र आकाक्षाहरु समेत रहनाले सबै एकैपटक कार्यान्वयन गर्न नसकिए पनि प्राथामिकिरण गरी क्रमशःकार्यान्वयन गर्दै लगिने ब्यहोरा समेत निवेदन गराउन चाहान्छु। प्रस्तावित नीति तथा कार्यक्रम राजनैतिक दल सामुदायिक संघ संस्था, क्लब, समुह, शिक्षक, कर्मचारी, विज्ञ, बुद्धिजिबी, युवा बिद्यार्थी किसान मजदुर स्वदेश र विदेशमा रहेर पनि सामाजिक संजाल मार्फत प्रात सुझाबहरुलाई समेत आत्मसाथ गर्दै तय गरिएको छ। महत्वपूर्ण सल्लाह सुझाब प्रदान गर्नुहुने आमसमुदाय प्रति धन्यवाद ज्ञापन गर्दै यो सम्मानित सोह्रौँ सभा समक्ष आ.ब. २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

आदरणीय गाउँसभा सदस्य ज्यूहरू,

अब म सोह्रौँ गाउँ सभामा प्रस्तुत आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमहरू निर्माण गर्नका लागि "**कृषि पर्यटन ऐतिहासिक धरोहर समृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार**" भन्ने मूल नारालाई आत्मसात गर्दै समाजवाद र संबृद्धि तर्फको यात्रालाई अगाडि बढाउने सोचका साथ निम्न क्षेत्रगत नीतिहरू जारी गरिएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु।

निम्न उल्लेखित क्षेत्रगत नीतिहरू गाउँपालिकाले सञ्चालन गर्दा कार्यक्रम कार्यतालिका बनाई कार्यान्वयन गर्नेछ। गाउँपालिकाको आर्थिक र सामाजिक विकासको क्षेत्रमा मार्गदर्शनको रूपमा रहेका यी क्षेत्रगत नीतिहरू गाउँपालिकाको आन्तरिक एवं बाह्य स्रोतको पर्याप्ताको आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। साथै यी क्षेत्रगत नीतिहरू कार्यान्वयन नभएको भनी कुनै अड्डा अदालतमा उजुर बाजुर लाग्ने छैन।

# घिरिङ गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि अवलम्बन गर्ने क्षेत्रगत नीतिहरू

❖ **आर्थिक क्षेत्रः**

**क) कृषिः**

- "उत्पादन साथमा, नगद हातमा" भन्ने मूल नाराका साथ आगामी दिनमा कृषि अनुदानलाई उत्पादनमा आधारित बनाईनेछ। बिउ खरीद, बिमा र यान्त्रीकरणमा दिंदै आएको अनुदानहरु सबैलाई उत्पादनमा आधारित बनाईनेछ। साथै कृषिमा दिईने अनुदान प्रणालीलाई व्यवस्थित, पारदर्शी र कृषक मैत्री बनाउदै लगिनेछ।
- आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने, सहकारी र समुदायको साझेदारीमा "उत्पादन र रोजगारीका लागि साझेदारी" कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायिकरण एवम् बजारीकरणको स्पष्ट मार्गचित्र तयार गरी कार्यान्वयन ल्याईनेछ । उत्पादनदेखि बजारिकरण सम्मको कृषि ईकोसिस्टम सुधार कार्ययोजना कार्यान्वयन गरिनेछ।
- कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै, कृषियोग्य भूमिको संरक्षण, नदी किनार सहितका बाँझो तथा नदी उकास जग्गाको सदुपयोग एवम् साझेदारीमा जमिन चक्लाबन्दी गरिनेछ। छरिएर रहेका कृषि भूमिको एकीकरण गरी सामूहिक खेती, करार खेती एवम् सहकारी खेती प्रवर्द्धन गरिनेछ।
- सुन्तला खेतीलाई प्रवर्द्धन र विस्तार गर्न माटो सुहाउँदो भूगोल लक्षित कार्यक्रम संचालन गरिनेछ।
- उत्पादन चक्र सुरु हुनुपुर्व नै आधारभूत कृषि उपजको उत्पादनको न्यूनतम समर्थन मुल्य तोकिनेछ एवम् व्यावसयिक उत्पादकसँग अग्रिम खरिद सम्झौता (Advance Contract Farming) गर्ने व्यवस्था मिलाईनेछ।
- युवा कृषक तथा उद्यमीहरुसँगको साझेदारीमा वडास्तरमा नमूना फर्म स्थापना गरी सिकाई केन्द्रको रुपमा विकास गरिनेछ।
- किसान सूचिकरण कार्यलाई निरन्तरता दिईनेछ । किसान परिचय पत्रलाई कृषि क्षेत्रमा प्रदान गरीने सेवा सहुलियतसँग आवद्ध गरिनेछ। कृषि क्षेत्रका सेवासुविधा तथा सहुलियतलाई डिजिटलाईजेसन गरी सर्वसुलभ र पारदर्शि बनाईनेछ। साना तथा सिमान्तकृत किसान लक्षित कार्यक्रम कार्यान्वनमा ल्याईनेछ।
- कृषकहरुको वर्गिकरण गरी सोही बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ।
- बालीनालिहरुको जैविक विविधता संरक्षण, संवर्द्धन तथा उपयोग सञ्चालन गरिनेछ। परम्परागत र प्राकृतिक तथा पोषणयुक्त खाद्यान्न बालीको खेती विस्तार गर्दै व्यवसायिकरण गरिनेछ।
- सिँचाई सुविधा नपुगेका कृषि भुमिमा साना सिँचाईको प्रबन्ध मिलाईनेछ। कृषियोग्य भूमिमा वर्षे भरि दिगो एवम् भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउन पुर्वाधार निर्माण र वितरण प्रणाली थप सुदृढ गरिनेछ।

- ''स्वस्थ माटो, स्वच्छ बाली" अभियान मार्फत माटोको अम्लियपन, क्षारियपन तथा विविध सुक्ष्म तत्वहरुको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधि हस्तान्तरण गरिनेछ, साथै रोग किराको पहिचान र निवारण गरिनेछ।
- खाद्यान्न, दलहन, फलफूल, तरकारीको व्यवसायिक उत्पादनका लागि पकेट क्षेत्र बिकास गर्न समुदायमा आधारित ''एक वडा एक कृषि उत्पादन'' कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- ''व्यावसायिक कृषि, सम्मानित पेशा" भने नाराका साथ कृषिमा आधारित उद्यम र उद्यमशिलताको प्रवर्द्धन गर्ने "कृषक पुरस्कार'' कार्यक्रम सञ्चालन गरिनेछ।
- ''रैथाने बालीको उत्पादन तथा उपभोग गरौ, खाद्य र पोषण सुरक्षा गरौं'' भने नाराका साथ स्थानीय बालीको उत्पादन र स्वच्छ तथा गुणस्तरयुक्त खाद्यवस्तुको उपभोगमा सबै वर्गको पहुँच सुनिश्चित गरी दिगो, समतामूलक र समानुकुलित खाद्य प्रणालिको विकास गरिनेछ।
- ''घरघरमा कृषि सेवा'' अवधारणा अनुरुप कृषि प्रविधि र सेवालाई सहजै कृषकले प्रयोग गर्ने गरी आधुनिक कृषि सूचना प्रणाली लागु गरिनेछ।
- प्राङ्गारिक कृषि उत्पादन र उपयोगलाई प्रवर्द्धन गर्न प्राङ्गारीक कृषि उत्पादनको प्रमाणीकरण तथा Branding गरिनेछ।
- ''बाली बीमा'' निशुल्क बनाई बीमा प्रिमियममा सहुलियत प्रदान गर्दै कृषि उत्पादनमा हुन आउने क्षतिपुर्तिलाई न्युनिकरण गरिनेछ।
- "उत्पादनमा अभिवृद्धि, घिरिङ गाँउपालिकाको समृद्धि'' भन्ने मूल नाराका साथ कृषकको जीवनस्तरलाई समुन्नत बनाउनको लागि कृषिमा विविधिकरण, व्यवसायिकरण, आधुनिकीकरण र औद्योगीकरणको नीति अवलम्बन गरिनेछ।
- कृषकको खेत बारीमा उब्जेका कृषि उपजहरूलाई हरेक वडामा संकलन केन्द्र बनाई सहकारीसँगको साझेदारीमा बजारीकरणको व्यवस्था गरिनेछ।
- स्थायी रुपमा घिरिङ भन्दा बाहिर रहेर पनि आफ्नो पूखौली जन्मथलोमा बहुवर्षिय फलफूल खेती गर्न चाहने कृषकहरुको लागि 'विशेष गाँउ फर्क कार्यक्रम' सञ्चालन गरिनेछ।
- फौजी किरा, सलह किरा र विभिन्न महामारी प्रकोपबाट उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि आकस्मिक बाली उपचार शिविर कार्यक्रम सञ्चालन गरी कृषि उपजको संरक्षण गरिनेछ।
- अकबरे खुर्सानी, केरा, कुरीलो, सुन्तला, किवि, सिप्लिकान, कफि, कागती लगायतका बजारमा माग बढी भएका तरकारी तथा फलफूलका नर्सरी निर्माण गरी बेर्ना उत्पादन, वितरण र व्यवसायिक खेतीका लागि उत्प्रेरीत गरिनेछ।
- पालिका भित्र हाई टेक नर्सरी स्थापना गरी बिरुवा उत्पादन तथा सुपथ मुल्यमा वितरण गरिनेछ।

- पालिका भित्र रहेको जमिनको बहुउपयोग गर्दै कृषि यान्त्रिकरण प्रदर्शनीको लागि प्रयोग गरिनेछ ।
- घिरिङ गाउँपालिकामा पर्याप्त मात्रमा रहेको जडीबुटी संकलन, उत्पादन, प्रशोधन, प्रवर्द्धन तथा बजारीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- आम किसानको प्रमुख समस्याको रुपमा रहेको बाँदर नियन्त्रण कार्यलाई विशेष प्राथमिकताका साथ सम्भावित प्रयासहरु गरिने छ ।
- मौरी उत्पादन तथा पुष्प व्यवसाय प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ ।
- रैथाने असला माछाको संम्भाव्यता अध्ययन गरी असला, बाम, गर्दि लगायतका स्थानीय जातका माछाको भुरा छोड्ने कार्यक्रमलाई विषयगत निकायको समन्वयमा अगाडि बढाई माछा व्यवसायलाई व्यवस्थित गराईनेछ ।
- गाउँपालिका भित्र उत्पादन हुँदै आएका विभिन्न तरकारी तथा फलफूललाई कोल्ड स्टोरमा भण्डारण गरि Value Add को नीति अवलम्बन गरिनेछ ।
- राष्ट्रिय नीतिका आधारमा गाजा खेतीको अध्ययन, अनुसन्धान तथा खेती प्रवर्द्धनको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- पोखरा तनहुँ लगायतका नजिकका बजारमा बस्ने आम घिरिङमा जमिन हुने वर्गको लागि 'मेरो विदा मेरो गाँउमा' भन्ने कृषि कार्यक्रम संचालन गरिनेछ ।

**ख) पशुः**

- पशुपालन गरिरहेका कृषकहरुले प्रत्यक्ष महशुस गर्ने गरी आवश्यकता अनुसार पशुपंक्षी उपचार तथा परामर्श सेवा, बिमा जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषकको आवश्यकतालाई महशुस गरी स्थानीय गाई संरक्षणका लागि विशेष अनुदानका कार्यक्रम संचालन गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्यपालनको समस्या समाधान गर्न विज्ञहरुबाट स्थलगत रुपमा पशु स्वास्थ्य शिविर, बाँझोपन शिविर, मागमा आधारित तालिम संचालन तथा विभिन्न पशुपंक्षी दिवस संम्वन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक घरमा दुहुनो गाई भैसीं कार्यक्रमलाई विशेष अभियानका रुपमा संचालन गरी दुग्ध उत्पादनमा आत्मनिर्भर एवं व्यवसायिक बनाउन कृषक समूह, सहकारी मार्फत दुग्ध व्यवसायलाई आय आर्जनको माध्यमको रुपमा विकास गरिनेछ ।
- मासु र अण्डामा आत्मनिर्भर बनाउन लोकल कुखुराको चल्ला वितरण, बाखा पकेट विकास, बंगुर पालन कार्यक्रम गर्दै स्वस्थ र स्वच्छ मासु उत्पादन, उपभोग र व्यवस्थापनको लागि मासु पसल सुधार, नियमन अभिलेखिकरण गरिनेछ ।

- स्थानीय कृषकहरुले उत्पादन गरेको पशुजन्य उत्पादन तथा उप-उत्पादन लाई संकलन केन्द्र स्थापना गर्दै न्युनतम समर्थन मुल्य निर्धारण गरी पशुजन्य वस्तुको उत्पादन गर्ने कृषक, कृषक समूह र कृषि सहकारीसँग उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी तथा बजारीकरणमा साझेदारी गरिनेछ ।
- पशुपालन क्षेत्रमा लगानी वृद्धि गरी पशुपंक्षीजन्य उत्पादन तथा उप-उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गर्न प्रतिफलमा आधारित अनुदान व्यवस्था मिलाइने छ ।
- प्रदेशसंगको सहकार्यमा जुनोटिक र महामारीजन्य पशुपंक्षी रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि वृहत खोप कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी तथ्याङ्क अद्यावधिक गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।
- पशुहरुबाट पूर्णरुपले उत्पादन लिनको लागि कृषकहरुको सहलगानीमा गोठ, खोर, भकारो तथा मलखाद सुधार जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्य क्षेत्रको उत्पादन बढाउन लागतलाई कम गर्ने औजार र उपकरणहरुको प्रयोग मार्फत लागत साझेदारिमा आधुनिक यान्त्रिकरणलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय तह र प्रदेश सरकारसँगको सहकार्यमा माछा पोखरीलाई सुधार तथा व्यवस्थापन गरी माछाको भुरा वितरण गरिनेछ ।
- पशु आहाराको सुधारबाट पशुजन्य उत्पादन वृद्धि गर्न भौगोलिक वातावरण अनुसार फस्टाउन सक्ने उन्नत जातका भुई तथा डाले घाँस उत्पादनमा जोड दिईनेछ । * सार्वजनिक निजी साझोदारीमा खेती योग्य बाँझो जग्गा उपयोग गरी पशुपालन गर्ने कृषकलाई प्राथमिकता दिइनेछ ।
- उन्नत नश्लका पशुहरुको विकास गर्न पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- व्यवसायिक पशुपालन तथा पशुपंक्षी जन्य उत्पादन प्रशोधन र बजारीकरण सम्वद्धन उन्नत प्रविधि प्रयोगका लागि सर्वसुलभ रुपमा सहुलियतपूर्ण कृषि कर्जाको व्याज अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
- सीमान्तकृत किसान लक्षित कृषक सम्मान कार्यक्रम कार्यान्वयमा ल्याइनेछ ।
- पशुपन्छी तथा मत्स्य क्षेत्रमा जैविक विविधता संरक्षण संवर्द्धन तथा उपयोग गर्दै रैथाने पशुपंक्षीको संरक्षण र विस्तार गरी व्यवसायिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

**ग) सिँचाईः**

- खेतीयोग्य उर्वर जग्गामा उत्पादकत्व वृद्धिम सहयोग पुऱ्याउन सिँचाई नपुगेका लक्षित गरि साना सिँचाई कार्यक्रमहरूलाई विशेष प्राथामिकताका साथ अगाडि बढाउनका साथै ठूला र मझौला प्रकृतिका सिँचाई आयोजनालाई तहगत सरकारको सहलगाउनीमा संचालन गरिनेछ ।

- परम्परागत कुलाहरूलाई सहलगानीमा मर्मत तथा संभार गरी प्रयोगमा ल्याई कृषि उत्पादन बढाउन जोड दिईनेछ।
- सिंचाई प्रबर्द्धन गर्न आवश्यक बोरिङ्ग तथा लिफ्टिङ्ग सिंचाईको व्यवस्थापन गरी खेतीयोग्य जमिनमा सिँचाईको प्रबन्ध गरिनेछ।

**घ) उद्योग, सहकारी र पर्यटनः**

- सबै व्यवसायीहरूलाई गाउँपालिकाको विकासमा मेरो लगानी भन्ने भावना सहित स्वतस्फुर्त रूपमा कर तिर्ने वातावरण सृजना गर्न सबै व्यवसायहरूको दर्ता प्रक्रियालाई अभियानको रूपमा सञ्चालन गरिनेछ।
- गाउँपालिका वासीहरूमा सुरक्षा व्यवस्था कायम गर्न तथा अवैध क्रियाकलाप रोक्न सुरक्षा निकायलाई जोड दिइनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनुका साथै सीप प्राप्त उद्यमीको स्तरोन्नतिका लागि पुनर्ताजगी र एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ।
- पर्यटकहरूलाई सूचना प्रवाह गर्न तथा घिरिङ गाउँपालिकामा आकर्षित गर्न घिरिङ प्रोमोसनल भिडियो तयार गरि विभिन्न मिडियाहरूमा प्रसारण गर्ने व्यवस्था मिलाईनेछ।
- प्लाष्टिक न्यूनीकरणका लागि वैकल्पिक व्यवस्था गर्न दुनाटपरी, कपडाका झोला निर्माण गर्ने साना उद्योग खोल्न चाहनेलाई अनुदान तथा प्रोत्साहन गरिनेछ।
- यस गाउँपालिका भित्र नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास तथा प्रचार प्रसार गर्न होमस्टे प्रवर्धनका कार्य गरिनेछ र बहुसांस्कतिक होमस्टेका रूपमा विकास गरिनेछ।
- गाउँपालिका स्थापित होमस्टेलाई पुर्वाधर विकासमा जोड दिईनेछ।
- गाउँपालिकाका ५ वटै वडाहरूलाई आफ्नै विशेष पहिचानयुक्त वडाको रूपमा विकसित गर्दै लगिनेछ।
- यस क्षेत्रको पहिचानको रूपमा रहेको कौरा नाच, पँचेवाजा, सोरठी, झयाउरे, लाखे, चुटका, घाटु जस्ता मौलिक सांस्कृतिक संरक्षणका लागि पहल गरिनेछ।
- स्थानीय स्तरीय भाषा, कला, सस्कृति सम्बन्धि सम्पूर्ण क्रियाकलापहरूलाई व्यवस्थित गर्न घिरिङ क्षेत्रका स्थानीय सस्कृतिक संस्थाको समन्वयमा प्रवर्द्धन तथा स्रष्टाको सम्मान र नव प्रतिभालाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- धार्मिक पर्यटन प्रवर्द्धनका लागि घिरिङद्वारा मठ, मन्दिर, गुम्बा, चर्ज क्षेत्रलाई धार्मिक केन्द्रका रूपमा विकास गर्न साथै धार्मिक परिसरको पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण, संवर्धन र खोजका लागि पुरातत्व विभागसँग समन्वय र सहकार्य गरिनेछ। यसै गरी निर्माणधीन मठ, मन्दिर, गुम्बा, चर्ज प्रदेश सरकारको सहकार्यमा निर्माण गरिनेछ।

- सहकारी संस्थाहरूले सफ्टवेयरमा मासिक प्रतिवेदन प्रविष्ट गरी मासिक प्रतिवेदन लगायत कार्यालयमा पठाउनु पर्ने प्रतिवेदनहरू गाउँपालिकाले तोकेको वार्षिक कर दाखिला गर्ने जस्ता कार्यहरू कडाईका साथ लागु गरिनेछ।
- सहकारीहरू लाई राष्ट्रिय सहकारी नीति अनुरूप प्रवर्द्धन गरिनेछ।
- पर्यटकीय गन्तव्यको पहिचान गरी होम स्टेको विकास र सम्वर्द्धन गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ।
- पर्यटकीय स्थलको रूपमा पहिचान भएको घुमाउने तालको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- लक्षित वर्ग दलित, जनजाती, महिला, जेष्ठ नागरिक, युवा, अपाङ्गता भएका र अल्पसंख्यक व्यक्तिहरूका लागि जीवनस्तर उकास्न आयआर्जनामा आधारित सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ।
- पार्क (वालीघाट संरक्षण पार्क, सामरीघाट पार्क, पुषपलाल पार्क आदि) निर्माण गर्ने, पालिका भित्रका पर्यटकिय स्थलहरूको संरक्षण प्रर्वद्धन र व्यवस्थापनमा प्राथमिकता दिइनेछ।
- काली गण्डकीमा ऱ्याफटिङ सञ्चालन गर्न गराउन र अग्ला डाँडामा प्यारागलाईडिङ पहल गरिने छ।
- थानीमाई, च्याचुलकोट साभूङ, कोट साभूङ, घिरिङ कोट, कोट नाहु गजरकोट, छतिसा देवीको संरक्षण सम्बर्धन गरी पर्यटकिय स्थलको रूपमा प्रवर्द्धन गरिने छ।

## ❖ सामाजिक क्षेत्र

**क) शिक्षाः**

- शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त गरी विद्यालयलाई शान्ति क्षेत्र बनाइनेछ।
- सबै बालबालिकालाई सहजरूपमा (सर्वसुलभ) पठन पाठन गर्न पाउने मौलिक (नैसर्गिक) हकको सुनिश्चिता बनाइनेछ।
- विद्यालयलाई वातावरणीय क्षेत्र घोषणा गरी शान्त, शितल र सुरम्य वातावरणमा पढ्न पाउने स्थितिको सिर्जना गरिनेछ।
- आधारभूत तथा माध्यमिक तहका विषयगत शिक्षकहरुको ज्ञान, सीप र अनुभव आदान प्रदान गरी शिक्षकको पेशागत क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।
- शिक्षण क्रियाकलाप लाई प्रभावकारी बनाउन पालिकास्तरिय शैक्षिक सामाग्री प्रदर्शनी कार्यक्रम संञ्चालन गरिनेछ।
- आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने नीति अनुरूप माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गरिनेछ।

- सार्वजनिक शिक्षाका माध्यमबाट मानव संशाधन विकास गर्ने गरी हाल सञ्चालित १ वटा प्राविधिक धारका विद्यालयमा कोटा अनुसारको कक्षा सञ्चालन गर्न प्रेरित गरिनेछ र गुणस्तरीय शिक्षाका लागि काम गर्दै सिक्ने प्रविधिको विकासको लागि प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै लगिनेछ।
- दीर्घसेवा गरी अवकाश प्राप्त गरेका शिक्षकहरू, विद्यालयको व्यवस्थापकीय सुधार गर्ने विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा उत्कृष्ट विद्यार्थीलाई विशेष सम्मान तथा पुरस्कृत गरिनेछ।
- शिक्षित जनता घिरिङको शान, गुणस्तरीय शिक्षा हाम्रो अभियानका लागि विपन्न परिवारका छोराछोरीहरूको तथ्याङ्क एकीन गरी गुणस्तरीय शिक्षामा पहुँच पुर्‍याउन प्राविधिक तथा विज्ञान विषय अध्ययनका लागि छात्रवृत्ति कोषको व्यवस्था गरिनेछ।
- आधारभूत तह सम्म स्थानीय पाठ्यक्रमको निर्माण गरी क्रमिक रूपमा पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ
- सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक कार्ययोजना बनाई थप व्यवस्थित बनाईनेछ।
- हरेक वर्ष गाउँपालिकास्तरमा आधारभूत तह र माध्यमिक तहमा सूचक र मापदण्डका आधारमा १/१ वटा विद्यालयलाई नमुना विद्यालय बनाउँदै लगिनेछ।
- विद्यार्थी संख्या कम भएका विद्यालयहरूलाई संमाव्यता अध्ययन गरी मर्ज गर्न एक कार्यदल गठन गरी प्राप्त प्रतिवेदन अनुसार अगाडी बढिनेछ।
- विद्यालयहरूको नियमित अनुगमन गरी अवस्था सुधारको लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यालयहरूमा प्रविधिको माध्यमबाट अध्यापनको शुरूवात गरिनेछ। सबै विद्यालयमा फोटोकपी, प्रिन्टर, कम्प्युटर लगायतको सेवाको पहुँच गरिनेछ।
- शिक्षाको माध्यमबाट समाजलाई सभ्य, सुसंस्कृत, प्रतिस्पर्धी, उद्यमशिल र आत्मविश्वासी बनाउने शिक्षा नीतिको अवलम्बन गरिनेछ।
- विद्यालयलाई गुणस्तरीय, प्रभावकारी र अनुसन्धानमुलक जनशक्ति उत्पादन गर्ने संस्थाको रूपमा विकास गरिनेछ।
- दिवा खाजा कार्यक्रमलाई १८० दिनवाट थप २५ दिन गरि २०५ बढाएर दिनसम्मको लागि खुवाइने व्यबस्था मिलाईन छ।
- दरबन्दी अपुग विद्यालयहरुमा प्रदान हुदैआएको शिक्षण सहयोग अनुदान रकमलाई निरन्तरता दिईने छ।
- शिक्षा क्षेत्रमा सकारात्मक, गुणात्मक, नतिजामूलक परिवर्तन गर्न विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत अध्यक्ष शैक्षिक सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- विद्यालयमा विद्यार्थीहरुको पहुँच तथा विद्यार्थी संख्या समेतको आधारमा आवश्यक मापदण्ड निर्माण गरी विद्यालयको नक्साङ्कन, समायोजन तथा एकीकरण, स्थगन, दरबन्दी मिलान गरी विद्यालय व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

- "हाम्रो विद्यालय, राम्रो विद्यालय" निमार्णका निमित्त सम्बन्धित विद्यालय अभिवावक तथा सरोकारवालालाई स्वम् जिम्मेवार बनाउन प्रयत्न गरिनेछ।
- सम्पूर्ण विद्यालयमा योग्य, सक्षम, प्रतिस्पर्धी तथा व्यवसायिक शिक्षकको व्यवस्थापन गर्दै उत्प्रेणा, पेशागत नैतिकता तथा सक्षमता अभिवृद्धि गरिनेछ कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धीसँग जोडिनेछ। शिक्षकहरुको
- विद्यालय भवन, छात्रावास, शौचालय निर्माण, सुरक्षित घेरावार, स्वाच्छ खानेपानी, सुरक्षित खेलमैदान, फूलबारी, करेसावारी, बगैंचा निर्माण जस्ता कार्यलाई विषेश जोड दिइनेछ।
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रकृयाको अभिन्न अंगका रुपमा एकीकृत गर्दै शिक्षालाई प्रविधिमैत्री व्यवहारिक र नतिजामूलक बनाइनेछ।
- अनलाइनमा आधारित "एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली" लाई विद्यालयहरुको सम्पूर्ण क्रियाकलाप आवद्ध गराउने कार्यक्रमलाई निरन्तरता र सुदृणिकरणका साथ सबलिकरण गरिनेछ।
- विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूलाई उद्यमशीलता, नैतिकता, श्रमको सम्मान, आत्मअनुशासन सामाजिक भावना, वृति विकास र मर्यादा कायम गर्ने जस्ता पक्षहरूको विकासका लागि ज्ञान, सीप र अनुभव हस्तान्तरण तथा आदानप्रदानको लागि "विद्यार्थीसँग विज्ञ कार्यक्रम" सञ्चालन गरिनेछ।
- विद्यालयलाई Junk Food (पत्रुखाना) निषेधित क्षेत्रको रुपमा विकास गर्दै दिवाखाजा कार्यक्रम अन्तर्गत स्थानीय खाद्यबस्तुहरु प्रयोग गरी बाल पोषण तथा वाल स्वास्थ्यमा सुधार गर्ने नीति अवलम्वन गरिनेछ।
- घिरिङ भित्र रहेका सम्पुर्ण विद्यालयको विविध गतिविधि झल्कने वार्षिक शैक्षिक बुलेटिन प्रकाशन गरिनेछ।
- बालविकास केन्द्रका बालशिक्षक, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिकमा प्रोत्साहन स्वरुप थप पारिश्रमिक लाई निरन्तरता दिइनेछ।
- शैक्षिक गुणस्तर सुदृढिकरण अभियानलाई प्रभावकारी बनाउन विद्यालयका शिक्षकहरुलाई विषयगत तालिम, ICT सम्बन्धी तालिम संचालन गरिनेछ।,
- विद्यार्थीहरुका लागि पढदै रमाउदै, सीप सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउन गाउँपालिकास्तरीय अनुगमन समिति गठन एवम् परिचालन गरिनेछ।
- शिक्षाको गुणात्मक विकासका लागि विषयगत विज्ञ शिक्षक (रोष्टर) तयार गरी सुपरीवेक्षण र पृष्ठपोषण प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यालयको शैक्षिक एंव भौतिक विकासका सुचकाङ्कहरु तयार गरी प्रअ सँग कार्यसम्पादन सम्झौता गरी प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ।

- विद्यालयहरुको पठनपाठन एवं परीक्षा प्रणालीमा एकरुपता कायम गर्नका लागि विषयगत समितिहरुलाई थप क्रियाशिल तुल्याउदै बार्षिक शैक्षिक क्यालेन्डर तयार गरी लागु गरिनेछ ।
- गाउँपालिकाले विद्यार्थीहरुको ज्ञान, सीप र क्षमता विकासका लागि पालिका, विद्यालय र क्लव स्तरिय (खेल, संगित, साहित्य, कला संस्कृति) क्षमता विकासका कृयाकलापहरु संचालन गरिनेछ ।
- शिक्षकहरुको पदस्थापना, करार सेवामा पदपुर्ति एंव सरुवा प्रणालीलाई निस्पक्ष, पारदर्शी र व्यवस्थित तुल्याउनका लागि पालिका स्तरको मापदण्ड तथा कार्यविधि तर्जुमा गरी एकरुपता कायम गरिनेछ ।
- छात्राहरुका लागि गुणस्तरीय सेनिटरी प्याडको निशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिंदै त्यसको प्रभावकारी प्रयोग र सरसफाईमा विशेष ध्यान दिन प्रोत्साहित गरिनेछ ।
- विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयको विषयगत शिक्षक दरबन्दी व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।
- बालबालिकाहरुलाई विद्यालय ल्याऔं, टिकाउ र सिकाऔं भन्ने कार्यक्रमलाई प्रभावकारी बनाई कम्तीमा माध्यामिक तह सम्मको शिक्षा पुरा गर्ने वातावरण सिर्जना गरिनेछ ।
- पाठ्यपुस्तक, छात्रवृत्ति, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा शैक्षिक गुणस्तर सुदृढिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थीको सिकाइ उपलब्धीलाई प्रभावकारी बनाउनका लागि दुर्त सिकाई आपुरण कार्यक्रमलाई विशेष कार्यक्रमको रुपमा संचालन गरिनेछ।

**ख) <u>स्वास्थ्य:</u>**

- नेपालको संविधान २०७२ ले हरेक नेपालीहरुलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने कुरालाई आत्मसाथ गर्दै घिरिङ गाउँपालिकाको सम्पुर्ण नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क रुपमा प्रदान गरिनेछ र स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारको प्रयोग गरी स्थानिय स्वास्थ्य सेवा ऐन, स्थानिय स्वास्थ्य सेवा नियमावली र स्थानिय स्वास्थ्य निति समेत निर्माण गरी सोहि वमोजिमको कार्य अगाडी वढाइने छ ।
- हरेक स्थानिय तहमा ५/१०/१५ शैयाको आधारभुत अस्पताल स्थापना गर्ने संघिय सरकारको निति अनुरुप हाम्रो यस घिरिङ गाउँपालिकामा १० शैयाको अस्पताल निर्माणको लागि जग्गा ब्यबस्थापन गरि निर्माण कार्य अगाडि बढाइने छ।
- वालवालिकाहरुको खोप पाउने अधिकार सुनिश्चित गर्नका लागि स्वास्थ्य संस्थावाट प्रदान गरिने नियमित खोप सेवालाई सम्पुर्ण वालवालिकाहरुको सर्वसुलभ पहुँचमा पुर्याइनेछ । पुर्ण खोप दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी हुने महिला लाइ दिइदै आएको पोषण प्रोत्साहन रकम रू.२०००/- निरन्तरता दिइने छ।
- वालवालिकाहरुको पोषण अवस्था सुधार गर्नका लागि वहुक्षेत्रिय पोषण कार्यक्रम लाइ प्रभावकारी रूपमा संचालन गरिने छ। यसका लागि आवश्यक वजेट विनियोजन गरिने छ।
- परिवार नियोजन सेवा अन्तर्गत परिवार नियोजन सेवालाई थप सुदृढिकरण गर्नका लागि स्थायी वन्ध्याकरणलाई थप वढवा दिई लामो समयसम्म जन्मान्तरका लागि प्रयोग गरिने परिवार नियोजनको अस्थायी साधनहरुको लागि स्याटालाइट क्लिनिक संचालन गरि सेवा उपलब्ध गराइनेछ। यसका लागि आवश्यक पर्ने वजेट विनियोजन गरिने छ।
- हरेक नागरिकको स्वास्थ्य सेवालाई ध्यानमा राखि स्वास्थ्य संस्था वाट पहुँच टाढा रहेका वस्तिहरुमा नियमित रुपमा गाउँघर क्लिनिक तथा खोप क्लिनिक संचालन गरिने छ। जसका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्नका लागि वजेट विनियोजन गरिने छ।
- हरेक नागरिकको स्वास्थ्यलाई मध्येनजर गर्दै विशेषज्ञ सेवा सहितको वृहत स्वास्थ्य शिविर प्रत्येक स्वास्थ्य संस्थामा वर्षको एक पटक गरिने छ। यसका लागि आवश्यक पर्ने वजेट विनियोजन गरिने छ।
- महिलाहरुको पाठेघर खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तनको क्यान्सर जस्ता रोगको पहिचान गर्नको लागि स्क्रिनिङ शिविर संचालन गरिने छ। जसका लागि आवश्यक पर्ने वजेटको व्यवस्था गरिने छ।
- निशुल्क रुपमा उपलब्ध हुने औषधिहरु कुनै पनि स्वास्थ्य संस्थामा अभाव हुन दिइने छैन। यसका लागि आवश्यक वजेट विनियोजन गरिने छ।
- आयुर्वेदिक तथा होमियोप्याथिक उपचार प्रणालीलाई व्यवस्थित र प्रभावकारी वनाई सेवा विस्तार गरिने छ। जसका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ।
- ६० वर्ष उमेर पुगेका वा २० वर्ष भन्दा वढि सेवा अवधि पुरा भई विभिन्न कारणले सेवा गर्न नसक्ने भई सेवा वाट अवकाश हुने राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि सम्मानजनक विदाई स्वरुप प्रदान गर्दै आएको रकम रु. २०,०००/- (अक्षरुपी विस हजार रुपैंया) लाई बृद्दि गरि रू.३०,०००/- प्रदान गरिने छ। म.स्वा.से. ले माशिक प्रतिवेदन पेश गर्न आउँदा दिइदै आएको यातायात खर्च रकम रु. १,०००/- (अक्षरुपी एक हजारका) लाइ निरन्तरता दिइने छ। सोको लागि आवश्यक वजेट विनियोजन गरिने छ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरूलाई निशूल्क स्वास्थ्य विमा गराउने प्रवन्ध मिलाईने छ।
- सुरक्षित मातृत्व सेवा कार्यक्रम अन्तर्गत सुत्केरी सेवालाई थप प्रभावकारी तथा व्यवस्थित गराउनका लागि स्वास्थ्यकर्मीको मनोवल वढाउन प्रति सुत्केरी खाजा खर्च रकम रु. ५००/- (अक्षरुपी पाँच सय रूपियाँ) लाइ निरन्तरता दिइने छ।

- स्वास्थ्य संस्थाजन्य फोहरमैला ब्यबस्थापन कार्यलाइ प्रभावकारी रूपले अगाडि बढाइने छ। जसका लागि लागि आबश्यक बजेट ब्यबस्थापन गरिने छ।
- ७० वर्ष उमेर पुगेका जेष्ठ नागरीकको लागि घरमै पुगेर स्वास्थ्य परीक्षण गर्न घर दैलोमा जेष्ठ नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम लागु गरिने छ ।
- स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच (Universal Health Coverage) अविच्छिन्न पर्याप्तता, बहुक्षेत्रीय सहभागिता, सहकार्य र साझेदारीको अवधारणा अनुरुप प्रर्वधनात्मक, प्रतिकारात्मक, उपचारत्मक, प्रशामक तथा रिफरल पद्धतिलाई अवलम्बन गर्दै थप व्यवस्थापनलाइ निरन्तरता गरिनेछ ।
- स्वास्थ्य व्यवस्थापन, आपुर्ति व्यवस्थापन लगायत स्वास्थ्य कार्यक्रमहरुलाई आवश्यकताको आधारमा डिजिटल प्रविधिमा आधारित सूचना प्रणालीहरु मार्फत तथ्याङ्क संकलन, विश्लेषण, प्रतिवेदन र प्रयोग गर्न सबै स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- पुर्ण खोपको सुनिश्चितता दिगोपना कार्यहरु सहित रोगहरु नियन्त्रण, निवारण, र उन्मुलन लाई जोड दिइ राष्ट्रिय-अन्तराष्ट्रिय लक्ष्य हासिल गर्न बालबालिकाहरुलाई खोप अभियान निरन्तर संचालन गरिनेछ ।
- गर्भवति तथा सुत्केरी महिला, नवशिशू, वालवालिकाहरुको पोषण परामर्श र गुणस्तरीय स्वास्थ्य सेवा सहित गर्भवति महिलाहरुको लागि प्रत्येक महिना स्वास्थ्य संस्था गई गर्भजाँच गराउन प्रोत्साहन साथ अण्डा र क्याल्सियम चक्कि बितरण साथै उत्तर प्रसुति जाँच सेवाको लागि घर घरमागई जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत एवमं सम्पूर्ण किशोरिहरुलाई आइरन फोलिक एसिड वितरण प्रभावकारी रुपमा सञ्चालन गर्ने कार्यलाइ निरन्तरता गरिनेछ ।
- नसर्ने रोगको रोकथाम तथा नियन्त्रण र सचेतनाको लागि अर्धवार्षिक रुपमा स्वास्थ्य संस्थाहरुमा नसर्ने रोगहरुको स्क्रिनिङ्ग कार्यक्रम संचालन गर्ने प्रयत्न गरिनेछ ।
- गर्भवति महिलाहरुको जोखिमयुक्त गर्भको पहिचान गर्न भिडियो एक्सरे सेवा (ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम) लाई निरन्तरता दिईनेछ ।
- आमा सुरक्षा र प्रजनन स्वास्थ्य सेवालाई अभिवृद्धि गर्न तथा Zero Home Delivery को अवधारणा अवलम्बन गर्दै संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- परिवार योजना कार्यक्रम सँगै प्रजनन स्वास्थ्य समस्या आङ खस्ने, फिस्टुलाको समस्या, पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरको प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।
- सुर्तिजन्य पदार्थ, मदिरा एवम जनस्वास्थ्यका दृष्टिले हानिकारक वस्तु प्रयोग भएका तयारी पेय तथा खाद्य पदार्थमा निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम लागु गरिनेछ ।

- आधारभूत स्वास्थ्य प्रभावकारीताका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि, सहयोगात्मक सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन साथै उत्कृष्ठ स्वास्थ्य संस्थालाई पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- निःशुल्क दन्त परीक्षण, बृहत स्वास्थ्य शिविर आँखा परीक्षण जस्ता उपचारात्मक प्रकृतिका स्वास्थ्य शिविरहरु सरकारी, गैह्रसरकारी संघ संस्थाहरुको साझेदारी तथा समन्वयमा संचालन गरिनेछ
- सरुवा रोग वा विपतजन्य अवस्थाको रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्न दुर्त प्रतिकार्य टोलि परिचालन तथा व्यवस्थापनलाई जोड दिइनेछ।
- गर्भवती महिलाहरुलाई पालिका भित्रका वर्थिङ्ग सेन्टरसम्म सुत्केरी गराउन, रिफर गर्नु कार्यक्रमलाई निरन्तरता दिइने छ।
- सरकारी, गैरसरकारी, निजी र सामुदायिक क्षेत्रहरुसँग रणनीतिक साझेदारी गरी स्वास्थ्य क्षेत्रका दिगो विकासका लक्ष्यहरु हाँसिल गर्न प्रयत्न गरिने छ।

**ग) खानेपानी तथा सरसफाई**

- स्वच्छ खानेपानीमा सबै जनताको पहुँच पुऱ्याउनका लागि "एक घर एक धारा" कार्यक्रम लाई निरन्तरमा दिइने छ।
- घिरिङ वृहत खानेपानी आयोजना निर्माणका लागि विस्तृत योजना निर्माण गरिनेछ र बाँकी भएका अधुरो खानेपानी योजनाहरूलाई सम्पन्न गरिनेछ।
- गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख बनाउन सार्वजनिक स्थल, विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाई र वातावरणीय स्वच्छता लगाएतका विविध कार्यक्रम सञ्चालन गरिने छ।
- निर्माणधीन अवस्थापमा रहेका खानेपानीका ग्रायाभिटी तथा लिफ्टिङ्ग योजनाहरूलाई सम्पन्न गर्न संघ तथा प्रदेश सरकारसंग सहकार्य र समन्वय गरिनेछ।
- फोहोर मैला व्यवस्थापनलाई ध्यान दिँदै सबै शिक्षण संस्था, स्वास्थ्य संस्था बजार क्षेत्र र सार्वजनिक क्षेत्रमा फोहोर व्यवस्थापनको प्रबन्ध गरिनेछ।

**घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

- आदिवासी, जनजाति, दलित, अपाङ्गता, द्वन्द्व पीडित, एकल महिला, ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, युवा तथा बालबालिका लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- दलित, अल्प संख्या लगायत अन्य पिछडिएका समुदायको परम्परागत सीप र पेशलाई आधुनिकीकरण गरी उनीहरूको स्वरोजगार तथा आयआर्जनमा टेवा पुऱ्याइनेछ।
- सीपयुक्त महिला, अत्मनिर्भर महिला कार्यक्रम सञ्चालन गरिनेछ। उद्यम विकास कार्यक्रम मार्फत आर्थिक रूपले विपन्न, एकल, द्वन्द्वपीडित महिलाहरूको आयआर्जनका लागि विभिन्न संघसंस्थाहरूको सहयोगमा कार्यगत अभ्यास सहितको सीप विकास तालिम सञ्चालन गरी रोजगार तथा स्वरोजगार बन्न सहयोग गरिनेछ

। महिलाहरूमा रहेको परम्परागत सीप प्रवर्द्धनका साथै महिला उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- लैङ्गिक हिंसा न्यूनीकरण एवं सशक्तिकरणका लागि विभिन्न किसिमका प्रचार प्रसार सामाग्री उत्पादन तथा सञ्चार माध्यमसँगको सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ सञ्चालन गरिनेछ ।
- "ठूलालाई सम्पान सानालाई माया" भन्ने भावलाई जोगाई राख्ना ज्येष्ठ नागरिक, बालबालिका तथा युवाहरूबीच अन्तरपुस्ता संवाद कार्यक्रम सञ्चालन गरिनेछ ।
- विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा रहेका तथा अनाथ बालबालिकाको संरक्षण गाउँपालिकाले गर्ने नीति अवलम्बन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- नयाँ निर्माण गरिने सबै भौतिक संरचनाहरू अपाङ्गतामैत्री तथा बालमैत्री हुनेछन् ।
- अपाङ्गता भएका व्यक्तिको क्षमता र सशक्तिकरण र अपाङ्गता मैत्री शिक्षामा जोड दिइनेछ ।
- ब्रेल लिपि तथा साङ्केतिक भाषाको विकास सम्बन्धी प्रक्रिया अगाडी बढाइने छ ।
- लागू पदार्थ दुर्वेशनी, मानव बेचबिखन, बालविवाह जस्ता समाजिक समास्यालाई न्यूनीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सुर्तीजन्य र मदिराजन्य पदार्थको बिक्रि वितरणलाई नियमन गरिनेछ ।
- न्यायीक समितिको सेवालाई सहज र विश्वसनीय बनाउन इजलासको व्यवस्थापन सहित नागरिक अन्तरक्रिया र छिटो छरितो न्याय सम्पादनको व्यवस्थालाई अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरूलाई लैङ्गिक समानता र महिला सशसक्तिकरण, लैङ्गिक हिंसा निवारण, बाल अधिकार सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**ङ) दलित, जनजाति तथा अल्पसंख्यक**

- सीप, क्षमता र दक्षता अभिवृद्धि गरी आयआर्जनमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- सामाजिक विभेद विरुद्धको जनचेतनाको लागि प्रभाबकारी अभियान संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- जनशक्तिहरुको राष्ट्रसेवाप्रति आकर्षणमा थप अभिवृद्धि गर्न लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्नका लागि आबश्यक ब्यबस्था गरिनेछ ।
- दलित, अल्प संख्या लगायत अन्य पिछडिएका समुदायको परम्परागत सीप र पेशलाई आधुनिकीकरण गरी उनीहरूको स्वरोजगार तथा आयआर्जनमा टेवा पुऱ्याइनेछ ।

- आमा समूहहरुको संस्थागत तथा क्षमता विकास गरी टोल बस्तीमा सृजनात्मक, रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- लैंगिक हिंसा निवारण कोषको स्थापना गरी समाजमा लैंगिक आधारमा हुने भेदभाव तथा हिंसाजन्य गतिविधिलाई निरुत्साहित गर्न र पिडितहरुको उद्धार, अल्पकालिन बसोवास जस्ता कार्यहरुको लागि प्रयोगमा ल्याईनेछ ।
- कार्यस्थलमा हुने लैङ्गिक हिंसा तथा दुर्यव्यवहारलाई न्यूनीकरणको लागि नीतिगत र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ ।
- राजनैतिक, प्रशासनिक, सामाजिक, आर्थिक क्षेत्रमा महिला, दलित र जनजातिहरुको सहभागीतालाई अभिवद्धि गर्दै सहभागीताको अनुपातलाई वृद्धि गर्न विभिन्न खालका क्षमता विकास सशक्तिकरण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

**च) <u>महिला, बालबालिका तथा जेष्ठ नागरिकः</u>**

- महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यव्हार रोकी समतामूलक समाजको निर्माण गर्नका लागि हिंसा तथा दुर्व्यबहार प्रति शून्य सहनशीलताको नीति अवलम्वन गर्दै अभिमूखिकरण र प्रचारप्रसारका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- जनप्रतिनिधिहरूलाई लैङ्गिक समानता र महिला सशसक्तिकरण, लैङ्गिक हिंसा निवारण, बाल अधिकार सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालवालिकाको रचनात्मक क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- घिरिङ गाउँपालिकाकालाई बालमैत्री गाउँपालिका बनाउने नीति लिइने छ ।
- अभिभावक विहिन वालवालिकाको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ ।
- आपतकालिन बालउद्धारकोष स्थापना गरी दुर्यव्यवहार पिडित बालबालीकाको उद्धार, अल्पकालिन बसोवास जस्ता कार्यहरुमा सहयोग गरिने छ ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिक व्यक्तिहरूका लागि जीवनस्तर उकास्न आयआर्जन आधारित सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ र वडा वडामा नमूना गाउँ बनाइनेछ ।

**छ) <u>फरक क्षमता भएका व्यक्तिहरूः</u>**

- आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला वालवालिकाको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ
- फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरी परिचय-पत्र बितरण र क्षमता पहिचान गरी आयमूलक कार्यमा संलग्न गराई जिवनयापनमा सेवा पुग्ने कार्यहरु गरिनेछ ।

- अपाङ्गता भएका व्यक्ति बिरुद्ध हुने भेदभाब अन्त्य गरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्नको लागि नीतिगत र संस्थागत संरचनाको व्यवस्था गरिनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुको दैनिक जिबनयापनमा सहजता प्रदान गर्न आबश्यक सहायक सामाग्री बितरण गरिनेछ।
- शारीरिक, मानसिक, बौद्धिक रूपमाफरक क्षमता भएका व्यक्तिहरुको समाजमा सम्मानजनक ढंगले जीबनयापन गर्ने बाताबरण तयार गरिनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुको विशेष क्षमतालाई पहिचाहन गरी सम्मान, र संरक्षणको नीति अवलम्वन गरिनेछ।

**ज) <u>युवा तथा खेलकुदः</u>**

- गाउँपालिकाको युवा नीति तर्जुमा गरी लागु गरिनेछ।
- युवाहरूलाई सरकारी सेवाको पहुँचमा उत्प्ररित तथा सहयोग गर्न विभिन्न सेवाका लोकसेवा र शिक्षकसेवा तयारी कक्षाहरू निशुल्क रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
- सकरात्मक सोचको विकास गर्ने अभिप्राय स्वरुप खेल खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरब बढाउन खेलकुदका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पालिका स्तरीय युवा तथा खेलकुद विकास समिति गठन गरी परिचालन गरिनेछ।
- गाउँपालिकामा रंगशाला र एक वडा एक खेलमैदान निर्माण कार्यलाई विशेष प्राथमिकता दिईनेछ।
- “स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिका भित्रका विद्यार्थि तथा युवा लक्षित अध्यक्षकप, राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- जिल्ला, प्रदेश, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा खेल्ने यस पालिका अन्तर्गतका खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ।
- सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको साझेदारीमा आत्महत्या दुरुत्साहन तथा लागू औषध दुर्व्यसनी सम्बन्धी युवा तथा विद्यार्थी केन्द्रित कार्यक्रम कार्यान्वयन गरिनेछ।

**झ) <u>रोजगारीः</u>**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धित अन्य कार्यक्रमसँग आवद्ध गरी कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई अभियानको रूपमा कार्यान्वयन गरिनेछ।
- रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउन आयोजनाहरुको निर्माण श्रममूलक प्रविधिको प्रयोगबाट गरिनेछ।

- रोजगारी सृजना तथा आयआर्जन र उत्पादनमुलक कार्यका लागि सम्बन्धित निकायहरु सँग आवश्यक समन्वय, साझेदारी र सहकार्य गरिनेछ ।
- वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाउन वैदेशिक रोजगारमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने कार्य गरिनेछ ।
- नागरिकलाई न्युनतम रोजगारीमा संलग्न गराउन, श्रमिक प्रतिको धारणामा व्यबहारिक परीवर्तन गराउन साथै भेदभाव न्यूनिकरण गर्न श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
- रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, ढाँचा तथा विधिहरुको विकास गरी आवश्यक सुझाव दिन रोजगार संवाद मञ्चको गठन तथा सञ्चालन गरिनेछ ।
- स्थानीय रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन तथा आन्तरीक रोजगार प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी क्रमश औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्व गर्न पहल गरिनेछ ।
- रोजगार योग्य क्षमता विकासको लागि कार्यस्थलमा आधारित सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम संचालन गरिनेछ ।

**ञ) <u>सुरक्षित आप्रवासन (सामी) कार्यक्रम</u>**

- सुरक्षित वैदेशिक रोजगारको वातावरण सिर्जना गर्न "सकभर स्वदेशमै रोजगारी गरौ यदि विदेश जानु नै पर्ने भए विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाउ" भन्ने मुल नारालाई आत्मसाथ गरिनेछ ।
- सुरक्षित आप्रवासन कार्यक्रमलाई संघ प्रदेशसँग सहकार्य संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने युवायुवतीलाई लक्षित गरी सघन कार्यक्रमलाई बस्तीस्तर सम्म पुराईनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोगका गरी आर्थिक वृद्दिमा टेवा पुर्याइनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरी प्रधानमन्त्री रोजागार कार्यक्रम, कृषि सेवा, पशु सेवा र उद्यम बिकास कार्यक्रमसँगको समन्वयमा एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारमा गएका व्यक्ति तथा परिवारका सदस्यहरुमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखीम न्यूनीकरण तथा ब्यवस्थापनको लागि बिद्यालयमा र समुदायस्तरमा स्वास्थ्य संस्थाहरुको समन्वयमा मनोसामाजिक परामर्श कक्षाहरु नियमित रुपमा सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तिय साक्षरता र मनोसामाजिक परामर्श कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।

- वैदेशिक रोजगारीमा रहेका घरपरिबारको लागि अनिवार्य पासबुकको ब्यबस्था गरी बचत वृद्धि योजनामा सहभागि गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक कार्यक्रमहरु संचालन गरी घर घरमा पारिवारिक एकता र सद्भाव कायम गरिनेछ।
- वैदेशिक रोजगारीको क्रममा बिदेशी भूमीमा समस्यामा परेका नेपालीको उद्धार, राहात, कानुनी सहायता र स्वदेश फिर्ति लगायतका बिषयमा बिपद ब्यबस्थापन कोषसँगको समन्वयमा राहात उद्धार र पुर्नस्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ।

## ❖ पूर्वाधारः

**क) सडक**

- गत आर्थिक वर्षहरूमा प्रारम्भ गरिएका आयोजनाहरू निरन्तरता दिँदै गुणस्तरीयतासहित तोकिएको समय सीमाभित्र सम्पन्न गर्न कार्य योजना बनाई कार्यान्वयन गरिनेछ।
- सडक निर्माण तथा स्तरोन्नति गर्दा रणनीतिक महत्वका सडकहरु ग्रामिण सडक यातायात गुरुयोजना अनुरुप प्राथामिकताका सडकहरुलाई रकम विनियोजिन गरी अत्यावश्यक बाहेक नयाँ ट्र्याक नखोलिने र हाल रहेका सडकहरुको स्थायी पक्की संरचना निर्माण तथा स्तरोन्नतिमा जोड दिइनेछ।
- पुर्वाधार संरचना निर्माण गर्दा गुणस्तरीयता कायम गर्नुका साथै समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि श्रम प्रविधीमा आधारित निर्माणका कामहरु उपभोक्ता समिति मार्फत गर्ने र ठूला संरचना निर्माण गर्दा ठेक्का प्रक्रिया मार्फत निर्माण गरिने नीतिलाई अंगीकार गर्दै समयमै गुणस्तरीय निर्माण कार्य गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई पुरस्कृत गरिनेछ।
- रणनीतिक सडकहरुमा सडक यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड लागु गरिने छ र मुख्य मुख्य सडक आयोजना निर्माण र संचालन प्रयोजनार्थ कजवे, कल्भर्ट र सडक पुल निर्माणको लागि बिस्तृत परियोजना प्रतिबेदन तयार गरिनेछ।
- योजनाहरुमा जनताको सक्रिय सहभागितालाई अभिवृद्धि गराउन लागत सहभागिता अवधारणालाई निरन्तरता दिई थप प्रभावकारी बनाईने छ।
- मुख्य सडक देखि सबै वडा कार्यालयसम्मको पहुचमार्गलाई क्रमस कालोपत्र गराएदै लगिनेछ।
- हरेक वडाहरूमा गौरवका आयोजना अन्तर्गत एक-एक वटा ठूला आयोजनाहरू सञ्चालन गरिनेछ।
- सबै वडा कार्यालय भवनमा सेवामैत्री र प्रयाप्त पूर्वधारका लागि भैरहेको संरचनामा प्रविधियुक्त बनाइनेछ।
- निर्माण भइसकेको झोलुङ्गे पुलको संरक्षण, निर्माणाधीन झोलुङ्गे पुललाई समयमा नै सम्पन्न गरी थप झोलुङ्गे पुल निर्माणका लागि पहल गरिनेछ।
- गाउँपालिकाको विकास निर्माणको कार्यमा संलग्न हुने निर्माण व्यवसायी, डकर्मी तथा सिकर्मीहरूको सीप तथा दक्षता वृद्धि गर्न क्षमता विकास तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

- ३० लाखभन्दा माथिका निर्माणसँग सम्बन्धित सम्पूर्ण योजनाहरू ठेक्का प्रक्रियाबाट सम्पादन गर्ने व्यवस्था मिलाईनेछ। निर्माण कार्यको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सबल तथा प्रभावकारी बनाइनेछ।
- १० लाख देखि ३० लाख सम्मको आयोजना निर्माणको लागि पहिलो प्राथमिकता उपभोक्त समितिलाई हुनेछ। उपभोक्त समितबाट सम्झौता नभएमा Tender प्रकृयामा लगिनेछ।
- सडक तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी कार्यन्वयन गरिनेछ।
- गाई घाट गल्यङ मोटर मार्ग, सालिकग्राम कोरीडोर, मानपुर डेड्गाउँ मार्गलाई स्तरउन्नती र निर्माण गर्नका लागि संघिय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ। गाउँपालिका क्षेत्रका अन्य मोटरबाटोहरु (कृष्ण मोटरमार्ग, पशुपति मोटरमार्ग, मदन मोटरमार्ग, घ्याछाप पुट्टार मोटरमार्ग, अत्रौली काठेकोट मोटरमार्ग, चक्रदेवी मोटरमार्ग, भैरव मोटरमार्ग, काठेकोट डुर्म्रीवेसी मोटरमार्ग, राधाकृष्ण मोटरमार्ग, गोशाईकुण्डा मोटरमार्ग, मोहरिया भञ्ज्याङ, भोलोन्दी वानटाङ खोला मोटरमार्ग, गाबुडाँडा नयाँटार मोटरमार्ग, कृष्ण मोटरमार्गको कटहरे बैडी केलादी मोटरमार्ग, डुम्रेवेशी छानुङ्ग देउराली मोटरमार्ग, चक्र देवी, गाउँवेशी मोटरमार्ग, नेपालडाँडा बनडाँडा, हर्सिङडाँडा फनुवा, राधाकृष्ण मोटरमार्ग, च्याचुल मोटरमार्ग, तालमार्ग अन्नपूर्ण-खडवडाङ टार-पक्कि पूल आदी) कालोपत्रे तथा स्तरउन्नती गर्न पहल गरिनेछ।
- बालीघाट, सतिघाट, खैरेनीघाट र रानीघाटमा पक्कि मोटरेबलपूलको प्रस्ताव तयार गरि संघीय सरकार सँग रकम माग गरिनेछ।
- स्थानीय स्तरको सिँचाई योजनाको पहिचान गरि निर्माणमा जोड दिइनेछ।
- कृषि उत्पादनको प्रचुर सम्भावना रहेका बैडी, अत्रौली, भन्टार, पुट्टार, खुम्लिङ, जगौलीटार, गडौलीटार, बटौलीटार, नयाँटार, वनटार, करूवाटार, साथै अन्य सम्भावित ठाउँहरुमा सिंचाइ गर्नका लागि केन्द्र सरकार, प्रदेश सरकार र सम्बन्धित निकायमा पहल गरिनेछ।
- बाझो रही खेरा गई बसेको जग्गामा किसानलाई उत्प्रेरित गरी बाली लगाउन प्रोत्साहन गरिनेछ।
- गाउपालिका भित्र बाँकी रहेका टोल वस्तीहरुमा यसै वर्ष भित्र विद्युतीकरण सम्पन्न गरी "**उज्यालो घिरिङ**" अभियानलाई निरन्तरता दिईनेछ र विद्युतको स्तर वृद्धि गरिनेछ।
- गाउँपालिका भित्र आवश्यक स्थानहरुमा खेलमैदान तथा गाउँपालिका स्तरको खेलमैदान निर्माण गरिनेछ।
- गाउँपालिका भित्रका महत्वपूर्ण चोक वस्तीहरूमा सडक बत्तीको जडान गरिनेछ।
- कालीगण्डकी नदीका किनार रहेका विभिन्न स्थानमा, धर्मिक पर्यटकिय स्थलको रूपमा विकास, पर्वद्धन गरिनेछ र कृषिघाट बजारको व्यवस्था मिलाइनेछ। कला, संस्कृतिको जगेर्ना, सम्वर्धनको नीति लिइनेछ।

**ख) बस्ती विकास, शहरी योजना तथा भवन निर्माण:**

- अति विपन्न नागरिकहरुको सुरक्षित आवासको हकलाई प्रत्याभूत गराई सुरक्षित आवास निर्माणको व्यवस्था मिलाईनेछ।

- सामूदायिक भवन निर्माण गर्दा प्रत्येक वडाहरुमा क्रियाशिल टोल विकास समिति, आमा समूह, युवा क्लब लगायत विभिन्न संघ संस्थाको आ आफ्नो छुट्टा छुट्टै भवन निर्माण नगरी एकीकृत रुपमा बहुउद्देश्यीय प्रयोजनको लागि उपयोग गर्ने र समूहगत आर्थिक सामाजिक गतिविधिहरु संचालन गर्ने गरी एकीकृत भवन निर्माण कार्य गरिनेछ।
- गाउँपालिकामा निर्माण गरिने भवन लगायतका भौतिक संरचनाहरु लैङ्गिक, वालवालिका तथा अपांग मैत्री भूकम्प प्रतिरोधी बनाउनुका साथै भवन निर्माण सम्बन्धी मापदण्ड तथा आचार संहिताको पालनाका साथ सेवाग्राही मैत्री बनाईने छ।
- पालिका अन्तर्गतका सार्वजनिक विद्यालय भवन स्वास्थ्य चौकी भवन लगायतका संस्थाहरुको आवश्यक मर्मत सम्भार तथा स्वच्छ खानेपानी र सरसफाईको लागि आवश्यक पुर्वाधारहरु तयार गरिनेछ।

**ग) उर्जा र बैकल्पिक उर्जाः**

- जैविक रुपमा रहेको बायोग्यास, गोबरग्यास लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी बैकल्पिक उर्जा उत्पादनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको समन्वयमा सौर्य सडक बत्तिको कार्यक्रमलाई संचालन गर्न आवश्यक पहल गरिनेछ।
- आम समूदायलाई अनुदानमा आधारीत विद्युतीय ईन्डक्सन चुल्होको प्रकृया अगाडी बढाउने छ।
- मानवीय स्वास्थ्य तथा पर्यावरणीय स्वच्छता कायम गर्न सुधारिएको चुल्हो तथा विद्युतीय ईन्डक्सन चुल्होको प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
- बिद्युत प्रसारण लाईनको मापदण्ड बमोजिम वरिपरिका रुखहरु कटान गरी बिद्युत आपुर्तिलाई सहज बनाईनेछ।
- पालिका अन्तर्गतको सामुदायिक विद्युत सेवाको क्षेत्रलाई समेत नेपाल विद्युत प्राधिकरणको दायरामा ल्याउन आवश्यक पहल तथा समन्वय गरी विद्युत सेवालाई दिगो, भरपर्दो गुणस्तरीय तुल्याउन आवश्यक कार्यहरू गरिनेछ।

❖ **वन, वातावरण तथा विपद् व्यवस्थापनः**

**क) वनः**

- वन तथा वन्यजन्तु संरक्षण दिगो वैज्ञानिक वन व्यवस्थापन तथा उपयोग र वातावरणीय सेवाको दिगो उपलब्धताका लागि समुदायमा आधारित वन व्यवस्थापनलाई सबल बनाउँदै लगिनेछ।
- सामुदायिक वन क्षेत्रमा चिराईतो, तेजपत्ता, अम्रिसो, कुरिलो, लप्सी, टिमुर, वेतवाँस जस्ता विभिन्न प्रजातिका रुखविरुवा एवं जडिबुटिलाई आधार मानी व्यवसायिक खेती प्रवर्द्धन गर्ने र सामुदायिक बन र निजी बनलाई

गोडमेल तथा काँटछाँट गरी वन क्षेत्रमा रहेको गैरकाष्ठ वन पैदावरमा आधारित उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- स्थानीय वन पैदावारलाई अधिकतम उपयोग गरी वनजङ्गलको संरक्षण तथा संवर्दन गर्दै वनलाई व्यवसायीकरण र बजारीकरणको रुपमा प्रवर्द्धन गरिनेछ।
- स्थानीय पर्यटन व्यवसायलाई प्रबर्धन गर्न सामुदायिक वन क्षेत्रमा पर्या-पर्यटन प्रवर्द्धन गरिनेछ।
- निजी वन क्षेत्र र निजी जग्गामा रहेका कु-काठ हटाई उत्पादनयोग्य जमिनको बढोत्तरी गरी समुदायको आयआर्जन विस्तारका लागी अमिलो जातका फलफुलका बिरुवा रोप्ने कार्यलाई अगाडि बढाईनेछ।
- वनक्षेत्रको दिगो विकास तथा उपयोगको लागि गठन भएका सामूदायिक वन उपभोक्ता समूहहरुको वार्षिक कार्ययोजना अनुसारका कार्यहरु गर्न गराउन अभिप्रेरित गरी थप आय आर्जनमा जोड्दै लगिनेछ।

**ख) वातावरण तथा फोहोरमैला व्यवस्थापनः**

- नवनिर्मित सडक संरचनाको कारणले साविकका गन्तव्यहरु परिवर्तन भई रहेको हुँदा नयाँ गन्तव्यमा यात्रु प्रतिक्षालय र चौतारी निर्माणको कामलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।
- वर पिपल रहेका चौतारीको संरक्षण र विस्तार गर्ने निरन्तरता दिइने छ।
- पारिस्थितिक प्रणाली लाई दिगो व्यवस्थापन गर्न मौजुदा तालतलैया, पोखरी, कुवाहरुको संरक्षण र विस्तार गर्ने नीति लिईनेछ। नवनिर्माणको कार्यक्रमलाई समेत प्राथमिकतामा राखि पोखरी पुनभरणको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- प्राकृतिक वातावरणको संरक्षण, पुनस्थापना र दिगो उपयोगमा जोड दिइनेछ।
- वातावरण मैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरी योजनालाई वातावरणमैत्री बनाइनेछ।
- तहगत सरकारको समन्वयमा सरसफाई स्वच्छता सम्बन्धी कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तनका असर र प्रभावलाई सामना गर्न उत्थानशीलतामा वृद्धि गरिनेछ।
- फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि आमा समूह, बजार व्यवस्थापन समूह, टोल विकास संस्था युवा क्लव र विद्यालयसँग सहकार्य गरिनेछ। फोहोरमैलालाई श्रोतमा नै वर्गिकरण गरी कुहिने र नकुहिने गरी बर्गीकरण संकलन र विसर्जन गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ।
- फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने व्यवसायलाई प्रोत्साहित गरिनेछ।
- बृहत घिरिङ सरसफाई अभियान सञ्चालन गरिनेछ। स्थानीय खोला, खोल्सीहरुको समुदायको अगुबाईमा वातावरण स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**ग) विपद व्यवस्थापनः**

- विपदका समयमा तत्काल आईपर्ने समस्या समाधानका लागि घटनास्थलमा खर्च गर्न सकिने विपद व्यवस्थापन कोषलाई प्रभावकारी बनाईनेछ ।
- जलवायु अनुकुलन तथा विपद व्यवस्थापनका क्रियाकलापलाई एकिकृत गरी विपद व्यवस्थापनमा सूचना प्रबिधिको प्रयोगलाई बढाउदै सूचना संकलन र सम्प्रेषण प्रणाली सञ्चालनमा ल्याईनेछ ।
- बाढी, पहिरो, भूकम्प, आगलागी जस्ता प्राकृतिक तथा मानवीय विपत्तिमा आवश्यक पूर्वसावधानी अपनाउँदै राहत, उद्दार र पुर्नस्र्थापनाका कार्यक्रमलाई मौजुदा साधन स्रोतको अधिकतम परिचालन गरी निरोधात्मक र उपचारात्मक उपायहरु प्रवर्धन गरिनेछ । जसका लागि बहुक्षेत्रीय निकायहरुसंग समन्वयात्मक ढंगले कार्यक्रम र स्थानीय एकिकृत आकस्मिक सेवा सञ्चालन गरिनेछ ।
- तहगत सरकारको समन्वयमा विपद पूर्वतयारी, जोखिम आकलन, विपद पूर्वचेतावनी, विपद प्रतिकार्यको तयारी तथा विपद न्यूनीकरण र पुनर्लाभका क्रियाकलापहरु सञ्चालन गर्न विद्यमान संरचनालाई थप चुस्त र सुदृढ बनाईनेछ ।
- जलाधार क्षेत्र र तटीय क्षेत्र व्यवस्थापनका लागि तटबन्ध लगाई जोखिम नियन्त्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । बाढि पहिरो लगायत जलबायुजन्य जोखिममा रहेका बस्ती तथा बिस्थापित परिबारलाई सुरक्षीत स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ ।
- मुख्य तथा सहायक खोलाहरूमा नदी जन्य पदार्थको अनियन्त्रित दोहन रोक्न, जथावाभी उत्खननबाट हुन सक्ने प्राकृतिक, भौतिक तथा मानविय क्षतिलाई न्युनीकरण गर्न उक्त पदार्थको दिगो, नियमित र सहज आपूर्ति सुनिश्चितता कायम गर्न पहल गरिनेछ ।

❖ **संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

**क) <u>क्षमता विकासः</u>**

- टोल विकास संस्था र आमा समूह युवा क्लब लगायत फरक क्षमता भएका र विपन्न वर्गहरुको क्षमता विकास गर्दै उद्यमशिल कार्यक्रमहरुमा लाग्न उत्प्रेरित गरिने छ ।
- जनप्रतिनिधि, शिक्षक, कर्मचारी लगायतका पालिकाको नीति कार्यक्रम कार्यान्वयन गर्ने पक्षहरूको क्षमता विकासमा विशेष जोड दिईनेछ ।
- टोल विकास संस्थाका पदाधिकारी, उपभोक्ता र विद्यालय व्यवस्थापन समितिलाई क्षमता एवं नेतृत्व विकासका अवसर सिर्जना गरिनेछ ।

**ख) <u>सार्वजनिक जग्गा संरक्षणः</u>**

- सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । गाउँ क्षेत्र भित्रका ऐलानी तथा प्रति जग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाईनेछ । ऐलानी प्रति जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु संचालन गरिनेछ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिनेछ ।

विषयगत निकायको सहयोग र समन्वयमा सार्वजनिक जग्गामा बनेका घर, भवन, टहरा, संरचनाहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ।

- भूमिको व्यवस्थित उपभोग गर्नको लागि भूउपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

**ग) सूचना तथा संचार प्रविधीः**

- गाउँपालिकाले सम्पादन गरेका कार्यहरू पारदर्शी बनाउन वेबसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिँदै विद्युतिय शासनको महत्वपूर्ण साधनको रूपमा तयार गरिएको घिरिङ गाउँपालिकाको एन्ड्रोइड एप्लिकेसन प्रयोग गरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिनेछ।
- गाउँपालिकाका सबै कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट Networking गर्दै E- governance सेवा प्रवाह गर्न पालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयमा इ-हाजिरीको जडान गरी गाउँपालिकाबाट निगरानी गरिनेछ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण घरधुरीलाई डिजिटलाईज्ड तरिकाले सूचीकरण गर्न घिरिङ गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईललाई निरन्तर दिईनेछ।
- कार्यालयका सबै शाखाहरुमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउँदै कागज विहिन कार्यालय बनाउने प्रयास गरिनेछ।
- विद्युत आपूर्ति नभएको समयमा सेवा प्रवाह अवरुद्ध नहोस् भन्नको लागि UPS, Solar Power Backup तथा Invertor वितरण गरि र नियमित मर्मत सम्भार गरिनेछ।
- राजश्व संकलनको एकिकृत सफ्टवेयर प्रणालीलाई अध्यावधिक गरी सुत्र मोडल मार्फत राजश्व भुक्तान गर्न सकिने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- पालिका भित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुको जानकारी सहितको पम्पलेट, बुकलेट, ब्रोसर र वृत्तचित्र निर्माण गरी प्रचार प्रसार र प्रवर्द्धन गरिनेछ।

**घ) पेश्की बेरुजू फछ्यौट सम्बन्धीः**

- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिदै समग्र देशको आर्थिक अवस्थाको मध्यनजर गरी सार्वजनिक खर्च कम गर्दै चालु खर्च घटाईनेछ र लेखा प्रणाली लाई सूत्र प्रणाली अन्तर्गतको सफ्टवेयर मार्फत व्यवस्थित गर्ने कामलाई निरन्तरता दिइनेछ।
- चेक मार्फत हुने भुक्तानीलाई डिजिटलाईज्ड गर्दै EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी प्रक्रियालाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- विविध कारणले विगतदेखि दायित्व सरी आएका पेश्की/बेरुजु रहेकोलाई फछ्यौट गर्ने र घटाउने नीति अवलम्बन गरिनेछ।

**ङ) सेवा प्रवाहः**

- सम्पूर्ण आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक लगायत समग्र घिरिङको विकासमा गरेका रचनात्मक, सृजनात्मक र नियमित कामको अपनत्व पूर्ण रुपमा ग्रहण गर्दै एकमुष्ठ संगालोको रूपमा घिरिङ गाउँपालिकाको उपलब्धि मापन वार्षिक श्वेतपत्र प्रकाशन गरिनेछ ।
- स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्नका लागि साधन श्रोतको उपलब्धता मार्फत गुनासो सुनुवाई अधिकारीको प्रभावकारिता अभिवृद्धिमा जोड दिइनेछ ।
- सेवा प्रवाहलाई चुस्त पारदर्शी एवं जबाफदेही बनाउन घुम्ती सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, स्वतः प्रकासन लगायत अन्य सेबाग्राहीमैत्री कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पालिका भित्र संचालित योजना, कार्यक्रम तथा गाउँपालिका अन्तर्गतका बिषयगत निकायहरूको काम कारवाहीलाई प्रभावकारि एवं गुणस्तरीय तुल्याउनका लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित संयन्त्रको रूपमा विकास गरी पूर्ण क्रियाशिल तुल्याइने छ ।

**च) <u>सुशासनः</u>**

- दिगो बिकासका लक्ष्य हासिल गर्ने गरी सबै बिषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम बीच अन्तरआबद्धता कायम गरिनेछ । दिगो बिकासका लक्ष्यलाई स्थानीयकरण गरिनेछ ।
- मुख्य कार्यालयमा एकिकृत हुने गरी ईकाई कार्यालयमा सेवा प्रबाहको एकद्धार प्रणालीको बिकास गरिनेछ । जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाई संयन्त्र व्यवस्था गरी सरकारी सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।
- सबै प्रकारको भ्रष्टाचार प्रति शुन्य सहनशिलताको नीति लिईनेछ ।
- शाखागत कामकारबाहीको मासिक प्रतिबेदन सहितको विवरण एकिकृत प्रणालिमा प्रविष्टी गरी अभिलेख प्रणालीलाई प्रभावकारी बनाईनेछ ।
- घर घरमा प्राविधिक सेवा, जनतालाई उत्पादन र निर्माणमा टेवा भन्ने मूल नारालाई सार्थकता प्रदान गर्न पालिकाबाट प्रदान गरिने सेवाहरुलाई जनमुखी बनाईनेछ ।
- विधिको शासन अवलम्बन गर्दै सबै जनप्रतिनिधि र कर्मचारीहरूलाई आफ्नो काम प्रति जवाफदेही र जिम्मेवारी बनाईनेछ ।
- आयोजनाहरूको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिलाई थप क्रियाशिल गराइ परिचालन गरिनेछ ।
- उपभोक्ता समिति मार्फत साझेदारीमा विकास निर्माण आयोजना सञ्चालन गर्ने नीति थप व्यवस्थित गरिनेछ । ठूला आयोजनालाई प्राथमिकता दिने नीति लिईनेछ र संभव भएसम्म ई-विडिङ मार्फत ठेक्का प्रक्रिया अगाडी बढाइनेछ ।

- गाउँपालिका र सबै वडाहरूमा सुझाव पेटीका, गुनासो सुनुवाई पुस्तिका, डिजिटल नागरिक वडा पत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाई सुशासनको प्रत्याभूति दिलाउन प्रयास गरिनेछ।

**छ) कर्मचारी प्रशासनः**

- कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कर्मचारी दरबन्दी संख्याको एकिन गर्दै कार्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रबाहलाई सुदृढ बनाईनेछ।
- कर्मचारीलाई सेवाप्रति लगनशील, जिम्मेबार, उत्तरदायी र कर्तव्य निष्ठ बनाउन दण्ड र पुरस्कारको नीति अवलम्वन गर्दै कर्मचारीको मनोवल उच्च राख्ने नीति लिईनेछ।
- क्षतिपुर्ति सहितको नागरिक सेवा प्रवाहलाई जोड दिईनेछ। सोका लागि सम्बन्धित सरोकारबालाको रुपमा जिम्मेवार पदाधिकारी र कर्मचारीलाई सो कार्यको आवद्धतामा जोड दिईनेछ।
- पालिका वडा स्वास्थ्य संस्था र विद्यालयहरुमा ई-हाजिरीको व्यवस्था गरी प्रभावकारी कार्यान्वयनलाई निरन्तर गरिनेछ।

**ज) राजश्वः**

- नागरिकहरूमा कर तिर्ने संस्कार निर्माणका लागि कर प्रतिको सचेतना र सम्वेदनशिलता अभिवृद्धि गरिनेछ।
- वस्ती वस्तीमा पुगी कर संकलन सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी घुम्ती शिविरमार्फत कर संकलनको अभियान संचालन गरिनेछ।
- कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने करदातालाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिने छ।
- आन्तरिक आयलाई वृद्धि गर्न कर तथा सेवा शुल्कका थप दायराहरु बिस्तार गर्दै लगिनेछ।

**झ) न्यायिक कार्य सम्बन्धी व्यवस्थाः**

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, गैर विभेदकारी र न्याय मूलक बनाउदै सामाजिक न्यायका आधारमा न्याय सम्पादन गरिनेछ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र मार्फत विवाद निरूपण गरी वास्तबिक न्यायको अनुभुति गराईनेछ।
- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी न्यायिक सेवालाई प्रभावकारी र परिष्कृत बनाउदै लगिनेछ।
- न्यायिक समिति मार्फत कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ।

**ञ) सामाजिक सुरक्षा, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरणः**

- राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउनको लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

- लाभग्राहीको खातामा सीधै निकासा हुने गरी विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी कार्यलाई निरन्तरता दिईनेछ।

**ट) <u>गैर सरकारी तथा निजी क्षेत्रः</u>**

- राष्ट्रिय एवं अन्तराष्ट्रिय, सामुदायिक एवं गैर सरकारी संघ सस्थासंग विकासमा साझेदारी गर्दै जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न "एन जि ओ डेस्क" स्थापना गरी गाउँपालिका मातहतमा ल्याइने छ।
- विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई आयोजना तथा कार्यक्रमको स्वरुपअनुसार वास्तविक कार्य नीतिमा परिणत गरिने छ। विकास निर्माणमा जनसहभागिता र निजी क्षेत्रको भूमिका समेत स्थापित गर्दै व्यवहारीक रुपमा लागू गरिने छ।
- गैर सरकारी संघ संस्थाबाट यस पालिकामा सम्पन्न गर्ने कार्यक्रम प्रगति प्रतिवेदन नियमित पालिकामा पेश र स्वीकृति गर्नुपर्ने व्यवस्था लागु गरिनेछ।

**सम्मानित सभाका उपस्थित सभा सदस्यज्यूहरू,**

मैले यस घिरिङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तर्फबाट आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको छु। समृद्ध घिरिङ सुखी घिरिङ वासी निर्माण हाम्रो अभियानमा गाउँवासी सम्पूर्ण दाजुभाई दिदिबहिनीहरूले दिनुभएको साथ र सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। जनभावना अनुसार नै अघि बढ्ने हाम्रो परम्परा र प्रतिबद्धता रहेको छ। यो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने गाउँसभाका सदस्यहरू, राजनितिकदल, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम, गाउँवासी बुवाआमा, दाजुभाई तथा दिदीबहिनी प्रति हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु। गाउँको समग्र विकासको लागि सबैको अमूल्य सुझावको सदैव अपेक्षाका साथ उपस्थित सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद ! नमस्कार। जय घिरिङ ।।

गाउँपालिका अध्यक्ष
घिरिङ गाउँपालिका
२०८१ असार १०